# श्री ५ को सरकार
# अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यो आदेश जारी गरेको छ।

नेपाल अधिराज्यभित्रका मिल, फ्याक्ट्री, कारखानामा उत्पादन वा तयार भएका माल वस्तु वा पदार्थहरूमा आजैका मितिदेखि देहायबमोजिम अन्तःशुल्क लगाइने र असूल उपर गरिनेछ।

### अन्तःशुल्क दरबन्दी

| संकेत नं. | वस्तुको विवरण | इकाई | दर |
|---|---|---|---|
| ०१–९ | स्क्वायस र स्क्वायस जस्तै पेय पदार्थहरू | प्रतिलिटर | रू. १।– |
| ०१–१० | फलफूलबाट बनाइएका जाम, जेली र मार्मलेडहरू | प्रति कि. ग्रा. | रू. –।७५ |
| ०२–२ | निम्नकोटीको मदिरा | | |
| | १. ४० यू. पी. शक्तिदेखि माथि ५० यू. पी. शक्ति सम्मको बोतल बन्दी मदिरा | प्रति एल. पी. लिटर | रू. १६।– |
| | २. ५० यू. पी. शक्तिभन्दा बढी यू. पी. शक्तिको बोतल बन्दी मदिरा | " " | रू. ८।५० |
| | ३. ४० यू. पी. शक्तिदेखि माथि ५० यू. पी. शक्ति सम्मको खुला मदिरा | " " | रू. १७।– |
| | ४. ५० यू. पी. शक्तिभन्दा बढी यू. पी. शक्तिको खुला मदिरा | " " | रू. ६।५० |
| ०३–१ | चुरोट | | |
| | (क) प्रतिहजार खिल्ली रू. २५।– सम्म मोल पर्नेमा | प्रतिहजार | रू. १२।– |
| | (ख) " " रू. २५।– भन्दा माथि रू. ३५।–सम्म मोल पर्नेमा | " | रू. २४।– |
| | (ग) " " रू. ३५।– " " रू. ५०।– " " | " | रू. ६२।– |
| | (घ) " " रू. ५०।– " " रू. ७५।– " " | " | रू. ६०।– |
| | (ङ) " " रू. ७५।– " " रू. १२५।– " " | " | रू. १५८।– |
| | (च) " " रू. १२५।– " " रू. १७५।– " " | " | रू. १६२।– |
| | (छ) " " रू. १७५।– " " रू. २२५।– " " | " | रू. १८५।– |
| | (ज) " " रू. २२५।– " " रू. २७५।– " " | " | रू. २००।– |
| | (झ) " " रू. २७५।– " " जति सुकै मोल " | " | रू. २२५।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

०३–२ बिडी (सूर्तीबाट तयार भएको सबै प्रकारको बिडी) प्रतिहजार खिल्ली रू. ५।–

०४–१ चिया मो. प्र. श. २%

०५–३ लुगा धुने वा भाँडावर्तन आदि सफा गर्ने डिटर्जेन्ट पाउडर वा लिक्विड मो.प्र.श. २%

०६–२ खाद्य वनस्पति घ्यू प्रति कि. ग्रा. रू. १।-

०९–१ चिरान काठ (स-मिलबाट चिरान भएको) मो.प्र.श. ७%

१०–५ गैलभनाइज्ड पाता र स्ट्रिप प्रति. कि. ग्रा. रू. –।१५

१०–६ गैलभनाइज्ड कोरोगेटेड शीट्स र पाइपहरू " " रू. –।१५

१३–२ ईंट (चिम्नी भट्टाबाट उत्पादित)

(ख) विद्युत् शक्तिको प्रयोग नगरी बनाएको ईंटमा
समदरको आधारमा पहिलो एक चिम्नीको वार्षिक रू. ४,५००।–
त्यसपछि प्रत्येक चिम्नीको वार्षिक रू. ३,५००।–

१५–३ नाइलन वा कृत्रिम रेशाबाट तैयार भएको कपडा

१. सुटिङ्ग

(क) १४८ से. मि. सम्म चौडाइ भएको प्रतिमिटर रू. ७।– थप प्रति कि. ग्रा. रू. ५।–

(ख) १४८ से. मि. भन्दा बढी चौडाइ भएकोमा प्रत्येक बढी १० से. मि. वा सोको अंशको चौडाइको निम्ति माथि दफा (क) को दरमा प्रति १० से. मि. वा सोको अंशको थप रू. –।५०

२. सर्टिङ्ग

(क) ९२ से. मि. सम्म चौडाइ भएको प्रतिमिटर रू. १।४० थप प्रति कि. ग्रा. रू. ४।–

(ख) ९२ से. मि. भन्दा बढी चौडाइ भएकोमा प्रत्येक बढी १० से. मि. वा सोको अंशको चौडाइको निम्ति माथि दफा (क) को दरमा प्रति १० से. मी. वा सोको अंशको थप रू. –।१६

१६–१ ऊनी धागो (विद्युत् वा अन्य क्रुड आयल जस्ता इन्धन शक्तिको सहायताबाट उत्पादित)

(क) २४ काउण्ट र सोभन्दा कम प्रति. कि. ग्रा. रू. १।८५
(ख) २४ काउण्टभन्दा माथि ४८ काउण्टभन्दा कम " " " ३।६०
(ग) ४८ काउण्टदेखि माथि " " " ६।९१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८ जडान (एसेम्बलिङ्ग) वा अन्य प्रक्रियाबाट बनाइएका सामानहरू

(ज) विद्युत्‌बाट सञ्चालन हुने, मिक्सर, जुसर आदि मो.प्र.श. १५%

द्रष्टव्य :–

१. गत तीन वर्षमा सबैभन्दा बढी उत्पादन गरेको वर्षको उत्पादित परिमाण वा उद्योगको स्थापित क्षमताको ५० प्रतिशत प्रयोगबाट हुनुपर्ने उत्पादन परिमाणमध्ये जुन बढी हुन्छ, त्यसलाई आधार मानी सोभन्दा बढी उत्पादन गर्ने उद्योगले जति बढी उत्पादन गरेको छ, त्यति नै प्रतिशतका दरले सो बढी उत्पादनमा अन्तःशुल्क छूट पाउनेछ ।

२. विभिन्न पेय पदार्थ (मादक पदार्थ रहित वा सहित) चुरोट, बिडी, खयर (कत्था) मदिरा, चामल, तेल, चिरानकाठ, ईंट, स्टेनलेस स्टीलका भाँडा र कटलरी, जडान वा अन्य प्रक्रियाबाट उत्पादित क्यासेट टेप, टेपरेकर्ड, क्यासेट प्लेयर, घडी, क्यालकुलेटर, ग्रामोफोन, रेडियो, ट्रान्जिष्टर, टू अथवा थ्री इन वन, र विद्युत्‌बाट चल्ने हिटर, टोस्टर, मिक्सर, कुकर, ग्राइण्डर, जुसर, हेयर ड्रायर, जीप फास्नर, हीरा कटिङ्ग गर्ने उद्योगहरूबाहेक अरू ग्रामीण तथा घरेलु उद्योगबाट तयार हुने सबै किसिमका वस्तुमा अन्तःशुल्क लाग्नेछैन । तर कृत्रिम रेशाबाट तयार गरिएका होजियरी सामान उत्पादनमा लाग्ने अन्तःशुल्क बारे श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ ।

३. देहायका उद्योगहरूबाहेक अन्य उद्योगहरूको उत्पादनमा औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम अन्तःशुल्क छूट दिइनेछः–

(१) आधुनिक (सेलर) बाहेकको चामल, तेल, मैदा, दालमील ।
(२) स्टेनलेस स्टीलका भाँडावर्तन र अन्य सामान ।
(३) जीप फास्नर ।
(४) बहुमूल्य ढुङ्गा तथा जवाहिरात कटिङ्ग पोलिसिङ्ग ।
(५) कत्था र टैनिन ।
(६) चुरोट, सिगार, बिडी र सूर्तिबाट बनेका अन्य सामानहरू ।
(७) सबै प्रकारका पेय पदार्थ (मादक पदार्थयुक्त वा रहित), मदिरा, बियर, छ्याङ्ग ।
(८) श्रृङ्गार प्रशोधन (कस्मेटिक्स) ।
(९) तरल पेट्रोलियम ग्यास ।
(१०) क्राउन कर्क आदि ।
(११) जडान वा अन्य प्रक्रियाबाट उत्पादित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३३